नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ | अंक २०२ | २०७६ साल फागुन ३० गते शुक्रबार (13 Mar. 2020 Friday) | मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- विवाहमा लेनदेख गर्ने तथा दाईजो नदिएको कारण सताउनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा वृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा बेवास्ता गरी छोड्नेलाई तीनवर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- मन्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहु विवाह स्वतः बदर हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : हुलाकी राजमार्ग : अफै ... ३ पृष्ठमा : विद्युत्मा नयाँ महसुल,दर. ३ पृष्ठमा : ट्रम्पद्वारा कोरोना भाइरससँग ..

# कोरोना भाइरसको संक्रमणबाट जोगाउन अस्पतालको तयारी फितलो : मन्त्री साह



प्रदेश २ का भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले बिहीबार राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा बनाइएको कोरोना भाइरस संक्रमित बिरामीलाई राखिने आईसोलेशन वार्डको निरिक्षण गर्दै । *तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, २९ फागुन ।**

संसारभरि फैलिएको नोबेल कोरोना भाइरसको संक्रमणबाट जोगाउन के कस्तो तयारी रहेको भन्ने बारे बिहीबार प्रदेश २ का भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालको निरिक्षण गरेका छन् ।

मन्त्री साहको गृह जिल्ला समेत रहेको सप्तरीमा कोरोना भाईरसको संक्रमणबाट जोगिन र जोगाउन अस्पताल प्रशासनले कस्तो तयारी र सुरक्षाका प्रयास गरेको बारे चासो लिएका हुन् ।

अस्पताल निरिक्षणका क्रममा मन्त्री साहले कोरोना भाइरसको संक्रमणबाट जोगाउन अस्पतालको फितलो तयारी रहेकोप्रति अस्पताल प्रशासनलाई गम्भिरतापूर्वक लाग्न निर्देशन दिए ।

अस्पतालमा निर्माण गरिएको भाइरस संक्रमित बिरामीलाई राखिने आईसोलेशन वार्डदेखि न्याल तथा रगतको नमुना परिक्षण कक्ष निरक्षण गर्दा मन्त्री साहले यसको तयारी अत्यन्त कमजोर रहेको बताए । उनले संक्रमित बिरामीका लागि अस्पताल हाताभित्र प्रोटेक्टिभ बेरियर बनाउन निर्देशन समेत दिए । यदी कुनै संक्रमित बिरामी आएको खण्डमा सबैभन्दा पहिला सोही प्रोटेक्टिभ बेरियर भित्र राख्न सकियोस् जसले अन्य व्यक्तिलाई त्यसबाट बचाउन सकिन्छ ।

यता अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. दिलिप साहलाई सुझाव दिदै मन्त्री साहले सुरक्षाका लागि गम्भिरता पुर्वक पहल गर्न निर्देशन पनि दिए । निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. साहले कोरोना भाईरसको संक्रमणबाट सर्वसाधारणलाई जोगाउन आवश्यक दक्ष जनशक्ति र सामाग्रीको अभाव रहेको मन्त्री साहलाई जानकारी गराएका थिए । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट खासै सहयोग र समन्वय हुन नसकेको तथा तालिम प्राप्त दक्ष जनशक्ति र सामग्रीको अभाव पनि उतिकै रहेको डा. साहको भनाई छ ।

मन्त्री साहले आफनो मन्त्रालय नपरेपनि एउटा जिल्लाबासी, प्रदेशबासी तथा मन्त्रीको हैसियतले यसमा चासो लिएको बताए । उनले कोरोना भाईरस संक्रमण विरुद्ध गर्नुपर्ने तयारीमा देखिएको कमी कमजोरी हटाउन र व्यवस्थित गर्न आफुले केही दिनमै बस्ने प्रदेश २ को मन्त्री परिषदको बैठकमा प्राथमिकताका साथ यो विषय राख्ने र समस्या सामाधानको पहल गर्ने प्रतिबद्धता समेत व्यक्त गरे ।

माहामारीका रुपमा फैल्न सक्ने कोरोना भाईरस फैल्न नदिन आवश्यक सुरक्षा व्यवस्था मिलाउन प्रदेश सरकार कुनै कसर बाँकी नराखिने भन्दै मन्त्री साहले साधन श्रोतले भ्याएसम्म प्रदेश सरकारले यसका लागि काम गरिरहेको जानकारी दिए ।

यता सप्तरी सदरमुकाम राजविराज हुँदै भारतीय नाका छिर्ने प्रमुख मार्ग हो । यो नाकाबाट दैनिक ५ सय भन्दा बढी व्यक्तिको आवत जावत हुन्छ । सप्तरीमा कोरोना भाईरसको संक्रमण फैलिन नदिन उद्देश्यले राजविराज नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, तिलाठी कोईलाडी गाउँपालिका लगायत विभिन्न स्थानिय तह र संस्थाबाट राजविराज बिमानस्थल तथा नाका क्षेत्रहरुमा गरी ६ स्थानमा हेल्पडेक्सको स्थापना गरि बहिरबाट आउने व्यक्तिहरुको स्वास्थय जाच्ने काम भई रहेको छ । तर, तालिम प्राप्त दक्ष स्वास्थ्यकर्मीको अभावमा त्यति प्रभावकारी नदेखिएको स्थानियको गुनासो पनि छ ।

# १४ वर्षपछि हत्याका आरोपी बाबुछोरा पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २९ फागुन ।**

सप्तरी प्रहरीले १४ वर्ष अघि एक व्यक्तिलाई गोली हानेर हत्या गर्ने बाबुछोरालाई पक्राउ गर्न सफल भएको छ ।

सप्तरीको तिरहुत गाउपालिका ३ डिमन निवासी ५३ वर्षिय बाबु सुकदेव यादव र ३७ वर्षिय छोरा बिनोद कुमार यादवलाई प्रहरीले पक्राउ गरेको हो ।

विशेष सुराकीको आधारमा सुनसरीको इनरुवा नगरपालिका ९ स्थित एक घरमा लुकीछिपी बसेको अवस्थामा सप्तरी र सुनसरी प्रहरीको संयुक्त टोलीले बिहिबार दिउँसो उनीहरुलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

घटना विवरण अनुसार सोही वडा निवासी ३० वर्षिय दिलिप कुमार यादवको २०६२ असोज १७ गते साँझ हत्या भएको थियो । बजारबाट घर फर्किने क्रममा यादवमाथी गोली प्रहार भएको थियो ।

घटना लगत्तै फरार भएका दुबै आरोपीलाई प्रहरीले बिहीबार नियन्त्रणमा लिएको डिएसपी तिलक भारतीले बताए । पुराना

*बाँकी अन्तिम पृष्ठमा*


## राजविराज नगरपालिका
### ६ नं. वडा कार्यालय, राजविराज, सप्तरी

## साक्षरता कक्षा एवं सहजकर्ता सम्बन्धी सूचना

*मिति : २०७६/११/२९*

प्रस्तुत विषयमा तहाँ राजविराज नगर कार्यपालिकाको कार्यालय राजविराज सप्तरी आ.ब. २०७६/०७७ को च.नं. १६७ को पत्र प्राप्त भई नगरपालिका पूर्ण साक्षर घोषणा गर्ने प्रतिबद्धता एवं नगर अनौपचारिक शिक्षा समितिको मिति २०७६/११/२२ को निर्णय अनुसार प्रथम चरणमा यस वडालाई पूर्ण साक्षर घोषणा गर्ने कार्यक्रमको लागि ५ (पाँच) जना साक्षर महिलाको आवश्यकता रहेकोले सो ईच्छुक हुने साक्षर महिला आ-आफ्नो शैक्षिक प्रमाण पत्र लिई प्रकाशित हुने मितिदेखी ३ (तीन) दिन भित्र यस वडाको कार्यालय समयमा उपस्थित भई दिन हुन जानकारी साथ व्यहोरा अनुरोध छ ।

**प्रेम कुमार यादव**
**वडा अध्यक्ष**
**रा.वि.न.पा. वडा नं. ६**




**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →

ipay remit | WESTERN UNION MONEY TRANSFER | PRABHU Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit Quick & Easy | CITY EXPRESS MONEY TRANSFER | IME pay wallet | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय

### कोरोना भाइरसको संक्रमणबाट बच्न सतर्कता अपनाऔं

नोबेल कोरोना भाइरसको संक्रमणले अहिले विश्वलाई त्रसित बनाएको छ । दिनहुँ जसो यस भाइरसको संक्रमण बढ्दै गएको छ । चीनको हुवान प्रान्तबाट फैलिएको यस भाइरसको संक्रमणले अहिले विश्वभरि झण्डै तीन हजार पाँच सय बढी व्यक्तिको ज्यान गइसेकेको छ भने लाखौं व्यक्ति प्रभावित भएका छन् । नेपालको छिमेकी मुलुक भारतमा समेत ७८ जना यस भाइरसबाट संक्रमित भइसकेका छन् । जसले गर्दा भारत सरकारले सम्पूर्ण विद्यालय, सिनेमा घरहरुलाई दुई सातासम्म बन्द गर्न तथा सार्वजनिक स्थलमा हुने कुनै पनि कार्यक्रम नगर्न निर्देशन दिइसकेको छ । यता विश्व स्वास्थ्य संगठनले समेत यस भाइरसबाट बच्न सबैलाई अपिल गर्दै विश्वलाई स्वास्थ्य आपत्तकाल घोषणा गरिसकेको छ ।

यता नेपालमा भने यस भाइरसको हालसम्म कुनै पनि संक्रमित व्यक्ति फेला नपरेको स्वास्थ्य मन्त्रालयले पुष्टि गरेको छ । तर, यसको संक्रमणबाट बच्न र बचाउन सबैलाई विशेष उपाय अपनाउन आग्रह समेत गरेको छ । यसबाट बच्न मानिसहरुले मास्क लगाउने र दिनको ७/८ पटक साबुन पानीले हात धुन सल्लाह दिएको छ । त्यस्तै कुनै पनि सभा, भोजभतेर तथा समूह बनाएर कुनै पनि कार्यक्रम नगर्न निर्देशन दिएको छ ।

पशुबाट सर्ने यस भाइरसको हालसम्म कुनै पनि औषधी बनेको छैन् । जसकारण यसबाट बच्न र बचाउन सबैले विशेष सतर्कता अपनाउनु बाहेक अन्य कुनै उपाय रहेको छैन् । तसर्थ सबै व्यक्तिले अनिवार्य रुपमा मास्क प्रयोग गर्ने र दिनको ७/८ पटक साबुन पानीले हात धुने बानी बसाल्नु जरुरी रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# हुलाकी राजमार्ग : अझै सुल्झिएन पुल विवाद

काठमाडौं, २९ फागुन (रासस) ।

हुलाकी राजमार्गअन्तर्गत रौतहट र सर्लाही जिल्ला जोड्ने बाग्मती नदीमा पुल निर्माण शुरु भएको छ वर्ष बित्दा पनि अझै सम्पन्न भएको छैन । पुल निर्माणमा लामो समय लगाएको र कमसल सामग्रीको प्रयोग गरिएको भन्दै स्थानीयवासीले विरोध गरेका थिए ।

सो पुलको विवादसम्बन्धी मुद्दा अहिले अदालतमा विचाराधीन रहेकाले निर्माण अवरुद्ध छ । सोही राजमार्गको नारायणी नदीमा पुल निर्माण पनि अहिले अलपत्र छ । पप्पु कन्स्ट्रक्शनले संयुक्त लगानी (जेभी)मा सात वर्ष पहिले पुल निर्माणको जिम्मेवारी लिए पनि निर्माण अघि बढाएको थिएन । निर्देशनालयले सार्वजनिक खरिद ऐनका आधारमा गत असारमा ठेक्का तोड्ने निर्णय गरेको थियो तर अहिले त्यो विषय मुद्दामा गएकाले नयाँ ठेक्कामा जान नसकिएको आयोजनाले जनाएको छ ।

पर्साको तिलावे पुलको निर्माण ठेक्का पनि पप्पु कन्स्ट्रक्शनले जेभीमै लिएको थियो । अहिले सो पुलमा अर्को कम्पनीलाई काम गराउने तयारी भइरहेको छ । वारिपारिको सडक सञ्चालनमा आउँदा पनि पुल नबन्दा स्थानीयवासी खोला वारपार गर्न सकिरहेका छैनन् ।

हुलाकी राजमार्गमा निर्माणाधीन यी पुल उदाहरण मात्रै हुन् । राष्ट्रिय गौरवको आयोजनामा पर्ने सो राजमार्गमा धेरै पुल यसरी नै अलपत्र अवस्थामा छन् । अहिले ७० पुल निर्माणाधीन रहेक└ ामा एक दर्जन पुलमा विभिन्न किसिमका समस्या पाइएको छ । कतिपय स्थानमा सडक निर्माण भइसक्दासमेत पुल निर्माण अघि बढ्न सकेको छैन । पुल नभएकै कारण त्यहाँका सडक पूर्णरूपले प्रयोगमा आउन नसकेको हुलाकी राजमार्ग निर्देशनालयले जनाएको छ ।

पहिले हुलाकी पुल आयोजनाका रूपमा रहेकामा सरकारले पछि पूर्वदेखि पश्चिमसम्म तराईका जिल्ला जोड्ने गरी राष्ट्रिय राजमार्ग निर्माणको योजना बनाएको थियो । पुल आयोजनाले झण्डै एक दशक वा त्यस पहिले ठेक्का सम्झौता गरेकोसमेत कतिपय पुल अझै सम्पन्न भइनसकेको निर्देशनालयका प्रमुख रोहितकुमार बिसुरालले बताउनुभयो । पुल निर्माणमा ढिलाइ हुँदा आयोजनाले निर्माण कम्पनीसँग ठेक्का तोड्ने गरेको छ । निर्माण व्यवसायी मुद्दामा गएपछि योजना नै अलपत्र पर्ने उहाँको भनाइ छ ।

"व्यवसायी मुद्दामा गएपछि हामी तत्काल नयाँ ठेक्कामा जान मिल्दैन", उहाँले भन्नुभयो, "त्यसैले हामी सकेसम्म त्यही कम्पनीलाई काम गराउन प्रयास गर्छौं ।" निर्माण अघि नबढ्नुका कारणमध्ये सबैभन्दा बढीमा निर्माण व्यवसायीकै कारण देखिएको छ । त्यसबाहेक कुनैकुनै पुलमा डिजाइनमा समस्या र केहीमा निर्माणस्थलमा समस्या पनि पाइएको छ । कतिपय स्थानमा डिजाइनमा कम लम्बाइ उल्लेख भए पनि निर्माणस्थलमा काम गर्दा लामो पुल चाहिने पाइएको प्रमुख बिसुरालले बताउनुभयो ।

कतिपय स्थानका पुलमा डिजाइनभन्दा अग्लो वा होचो पुल निर्माण गर्नुपर्ने हुँदा पनि त्यसलाई सच्याउनुपर्दा ढिलाइ भएको पाइन्छ । उहाँले भन्नुभयो, "कतिपयमा काम शुरु हुँदा जग कमजोर भयो भन्ने कुरा पनि आउने गरेको छ ।"

राजमार्गमा अधिकांश सडक पहिले सञ्चालनमा रहेकामा त्यसको स्तरोन्नतिको काम भइरहेको हो । कतिपय पुल आयोजना बन्नु पहिले नै सञ्चालनमा रहेको भए पनि चौडाइ कम रहेकामा त्यसको विस्तारको समेत काम भइरहेको छ । पहिले डिभिजन सडक कार्यालयले एक लेनको मात्रै पुल बनाएकामा अहिले त्यसलाई दुई लेन बनाउन लागिएको हो ।

सो राजमार्गको भौतिक प्रगति अहिलेसम्म ४८ प्रतिशत पुगेको छ । राष्ट्रिय गौरवको सो आयोजनाअन्तर्गत हालसम्म झण्डै ३८५ किलोमिटर सडक कालोपत्र भएको छ । राजमार्गको लम्बाइ ९७५ किमी रहेकामा अहिलेसम्म ३३८ किमी सडक ग्राभेल तथा ९२ पुल सम्पन्न भइसकेको आयोजनाले जनाएको छ । चालू आर्थिक वर्षमा ९७ किमी कालोपत्र, ४२ किमी ग्राभेल र पाँच पुल सम्पन्न भएको छ ।

पूर्व-पश्चिम राजमार्गको विकल्पका रूपमा समेत यस राजमार्गलाई हेरिएको छ । तराईका भित्री बस्ती र कतिपय भारत नजिकका बस्तीका बासिन्दालाई समेत सहज यातायातको सुविधा राजमार्गले दिनेछ । सडकको चौडाइ केन्द्रबाट १५/१५ मिटर हुनेछ । सरकारले आव २०७९/८० सम्ममा सडक निर्माण गरिसक्ने लक्ष्य लिएको छ । आयोजनाको संशोधित बजेट रु ६१ अर्ब रहेको छ । राणा शासनमा चिठ्ठी आदानप्रदान गर्ने हुलाकी सडकको अवधारणा विकास भएको थियो । सो आयोजनाले तराई-मधेशमा रहेका जनतालाई यातायात सर्वसुलभ र सहज बनाउनेसँगै यस क्षेत्रका शिक्षा, स्वास्थ्य, कृषि, व्यापारलगायतको विकास गर्ने अपेक्षा गरिएको छ ।

# कोरोना भाइरसको सम्भावित सङ्क्रमण रोक्न शैक्षिक संस्था बन्द गर्न माग

काठमाडौं, २९ फागुन (रासस) ।

प्रतिनिधिसभाका सांसदहरूले कोरोना भाइरस (कोभिड-१९) को सम्भावित सङ्क्रमण रोक्न भीडभाड हुने स्थल र संस्थामा तत्काल आवश्यक तयारी गनुपर्ने सुझवा दिनुभएको छ ।

प्रतिनिधिसभाको बिहीबारको बैठकको शून्य समयमा उहाँहरूले तत्काल शैक्षिक संस्था बन्द गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको हो । सांसद भीमसेनदास प्रधान र रेणुकुमारी यादवले कोरोना भाइरसको जोखिम रोक्न तत्काल भीडभाड हुने स्थलमा आवश्यक तयारी गर्न र शैक्षिक संस्था तत्कालका लागि बन्द गर्न माग गर्नुभयो । सांसद रामबहादुर विष्टले कोरोना भाइरसको सम्भावित महामारीलाई लिएर बजारमा अत्यावश्यक सामग्रीको अभाव हुँदै गएको भन्दै यसको नियन्त्रण गर्न के कति प्रगति भइरहेको छ भनी जानकारी माग गर्नुभयो ।

सांसद बिमला नेपालीले संविधानअनुसार दलित विद्यार्थीका लागि व्यवस्था भएको छात्रवृत्ति वर्तमान सरकार गठन भएदेखि खोसिएको भन्दै यसले दलित समुदायमा चोट पुगेको बताउँदै सुनिश्चित गर्न माग गर्नुभयो । सांसद भरतकुमार शाहले यातायातमा सिन्डिकेट हटिसकेको भए पनि अझै भारतबाट आउने ट्रकमा ढाँट लगाएर शुल्क लिइरहेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद महेश्वरजङ्ग गहतराजले मुलुकभर सवारी दुर्घटना बढिरहेको भन्दै सचेतना कार्यक्रम बढाउनुपर्ने बताउनुभयो ।

सांसद मीना सुब्बाले नेपाल प्रहरीका एकजना अधिकारीले केही समयअघि काखीमा बच्चा बोकेकी महिलामाथि लाठी प्रहार गरेको प्रसङ्ग उल्लेख गर्दै यस्ता घटनामा भइरहेको छानबिन र दोषीलाई भइरहेको कारवाहीका बारेमा जानकारीको माग गर्नुभयो । सांसद मीनबहादुर विश्वकर्माले छुवाछूतका घटनामा वृद्धि भइरहेको भन्दै दलित आयोग र महिला आयोग तत्काल गठन माग गर्नुभयो । सांसद यज्ञबहादुर बोगटीले कर्णाली राजमार्गको दूरावस्थाका कारण दुर्घटना बढेका भन्दै स्तरोन्नति गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद यज्ञराज सुनुवारले स्तरीय सडकको अभावमा पहाडी जिल्लामा यात्रा कठिनाइ भएको भन्दै सडक सुधारका लागि सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद रङ्गमती शाहीले हुम्लामा हिमपातका कारण खाना र अत्यावश्यक सुविधाबाट जनता वञ्चित हुनु परेकाले तत्काल आवश्यक व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद राजेन्द्रकुमार केसीले विश्व बजारमा पेट्रोलियम पदार्थको मूल्य घट्दा पनि नेपालमा किन समायोजन नभएको भनी सरकारसँग प्रश्न गर्नुभयो । साथै उहाँले सरकारले पेट्रोलमा प्रतिलिटर विभिन्न नाममा रु ४७ कर लिने गरेको भन्दै तत्काल विश्व बजारअनुसार मूल्य समायोजन गर्न माग गर्नुभयो ।

सांसद राजेन्द्रप्रसाद गौतमले भूमिसुधार मन्त्रालयअन्तर्गत सङ्खुवासभामा विशेष नापी शुरु भएकामा स्थानीय जनता खुशी भएको उल्लेख गर्नुभयो । सांसद रामबाबुकुमार यादवले सङ्घीयता कार्यान्वयनको सङ्घीय निजामती विधेयक र नागरिकता विधेयक पारितमा देखिएको ढिलाइप्रति ध्यानाकर्षण गराउनुभयो । सांसद रेणुका गुरुङले पूर्वप्रधान सेनापतिको भ्रष्टाचारसम्बन्धी प्रकरण छानबिन कहाँ पुग्यो भनी प्रश्न गर्नुभयो ।

सांसद लक्ष्मणलाल कर्णले १० वर्षे जनयुद्धकालमा तराईका जिल्लामा हटाइएको भन्सार कार्यालय बिहीबारसम्म पनि पुनःस्थापना किन हुन नसकेको भनी प्रश्न गर्नुभयो । सांसद लक्ष्मी परियारले प्रतिनिधिसभामा उपसभामुख पद यति लामो समयसम्म रिक्त राख्नुपर्ने कुनै कानुनी प्रावधान नभए पनि निर्वाचनमा किन ढिलाइ भनी प्रश्न गर्नुभयो ।

# विद्युत्‌मा नयाँ महसुल दर, आयोगले सार्वजनिक सुनुवाइ गर्दै

काठमाडौं, २९ फागुन (रासस)। नेपाल विद्युत् प्राधिकरणले असाध्यै कम विद्युत् उपभोग गर्ने ग्राहकलाई सुविधा दिने लक्ष्यसहितको नयाँ महसुल प्रस्ताव गरेको छ। उक्त महसुल दरलाई सार्वजनिक सुनुवाइमार्फत कार्यान्वयनमा ल्याउने गरी विद्युत् नियमन आयोगले आम सर्वसाधारणलाई बिहीबार जानकारी गराएको छ। प्राधिकरणले तय गरेको महसुललाई आयोगले स्वीकृत गरेपछि कार्यान्वयनमा ल्याउन पाउने कानूनी प्रबन्ध रहेको छ।

प्राधिकरण सञ्चालक समितिले स्वीकृत गरी गत माघ १७ गते आयोगसमक्ष नयाँ महसुल दर बुझाएको थियो। सोहीअनुसार आयोगले आगामी चैत १४, १६ र १७ गते सार्वजनिक सुनुवाइ गर्ने भएको छ। आयोगले सार्वजनिक सुनुवाइमा सहभागी हुन सबै सरोकार भएका पक्षलाई आग्रह गरेको छ। सार्वजनिक सुनुवाइ फेसबुक, युटचुब जस्ता सामाजिक सञ्जालमा समेत प्रत्यक्ष प्रसारण गरिने भएको छ।

प्राधिकरणले सबैभन्दा कम अर्थात् २० युनिटसम्म विद्युत् खपत गर्ने ग्राहकलाई रु ३० मा विद्युत् उपलब्ध गराउने प्रस्ताव गरेको छ। पाँच एम्पियरमा विद्युत् लिने ग्राहकले बढीमा रु ३५ महसुल तिरे पुग्नेछ। यस्तै १५ एम्पियरमा विद्युत् लिनेले न्यूनतम शुल्क रु ५०, ३० एम्पियरमा विद्युत् लिनेले रु ७५ र ५० एम्पियरमा रु १२५ न्यूनतम महसुल लिने प्रस्ताव गरिएको छ। तल्ला र साना ग्राहकलाई बढीभन्दा बढी सुविधा दिने लक्ष्यसहित प्राधिकरणले नयाँ महसुल प्रस्ताव गरेको हो।

यस्तै २१ युनिटदेखि ३० युनिटसम्म पाँच एम्पियरमा विद्युत् लिनेले न्यूनतम रु ५०, १५ एम्पियरमा रु ७५, ३० एम्पियरमा रु १०० र ६० एम्पियरमा रु १५० न्यूनतम महसुल तिर्नुपर्नेछ। यसैगरी ३१ देखि ५० सम्म न्यूनतम रु ७५, ५१ देखि १५१ युनिटसम्म रु १००, १५१ युनिटदेखि २५० युनिटसम्म रु १२५, २५१ युनिटदेखि ४०० सम्म न्यूनतम रु १५० महसुल तिरे हुनेछ। कूल ४०० युनिटभन्दामाथि न्यूनतम रु १७५ महसुल तिर्दा हुनेछ। त्यसमा केही सेवा शुल्क भने थप हुन सक्नेछ। प्राधिकरणको प्रस्तावअनुसार ४०० भोल्ट बराबरको विद्युत् लिनेले भने न्यूनतम रु एक हजार १०० देखि रु एक हजार ८०० सम्म तिर्नुपर्नेछ।

प्राधिकरणले औद्योगिक ग्राहकमा पनि ग्रामीण तथा घरेलु उद्योग र साना उद्योगको फरकफरक महसुल दर प्रस्ताव गरेको छ। व्यापारिक, गैर व्यापारिक, सिँचाइ, खानेपानी, यातायातका लागि चार्जिङ स्टेशनसमेतको महसुल दर प्रस्ताव गरेको छ। मन्दिर, सडकबत्ती, अस्थायी कनेक्सन, गैर गार्हस्थ्य र मनोरञ्जन व्यवसायको समेत छुट्टाछुट्टै महसुल दर तय गरेको छ। त्यसमा पनि वैशाखदेखि मङ्सिरसम्म र पुसदेखि चैतसम्मको पनि फरकफरक समयको फरकफरक महसुल दर प्रस्ताव गरिएको छ। वर्षाको समयमा बढी विद्युत् खपत गराउन सोही खालको र हिउँदको समयमा फरक खालको महसुल दर प्रस्ताव गरिएको छ।

प्राधिकरणको हाल कूल ३९ लाख नौ हजार ४६० ग्राहक रहेका छन्। हाल कूल सात अर्ब ३८ करोड ६५ लाख ५८ हजार किलोवाट घण्टा विद्युत् खपत हुने गरेको छ। प्राधिकरणका सञ्चालक समितिका अध्यक्षसमेत रहनुभएका ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले कम विद्युत् उपभोग गर्ने ग्राहकलाई ध्यानमा राखेर महसुल दर प्रस्ताव गर्ने बताउँदै आउनुभएको थियो। यस्तै विद्युत् खपत बढाउने लक्ष्यका साथ महसुलमा समेत केही छुट दिने प्रस्ताव गरिएको छ।

**विद्युतीय सवारी चार्जमा नयाँ महसुल**

सरकारले विद्युतीय सवारी साधनको प्रयोगलाई बढावा दिने लक्ष्यका साथ रातिको समयमा सवारी साधन चार्ज गर्दा न्यूनतम महसुल लिने प्रस्ताव गरेको छ। त्यसो गर्दा न्यूनतम शुल्कमा नै विद्युतीय सवारी चार्ज गर्न सकिने र विद्युत् खपतसमेत बढ्ने विश्वास लिइएको छ।

सार्वजनिक यातायातका लागि राति ११ बजेदेखि बिहान ५ बजेसम्म प्रतियुनिट चार रुपैयाँ ४५ पैसा महसुल लाग्नेछ। प्राधिकरणले तय गरेको यो महसुल सबैभन्दा सस्तो हो। तोकिएको महसुलमा चार्जिङ स्टेशन सञ्चालन गर्नेले थप २० प्रतिशतसम्म मुनाफा लिन पाउने व्यवस्था गरिएको छ।

बढी विद्युत् माग हुने साँझ ५ बजेदेखि राति ११ बजेसम्म प्रतियुनिट आठ रुपैयाँ ४० पैसा महसुल तिर्नुपर्नेछ। यो सुविधा ३३ केभी भोल्टजका लागि हो। सोही भोल्टेजमा राति ११ बजेदेखि बिहान ५ बजेसम्म पाँच रुपैयाँ पाँच पैसा महसुल लाग्ने गरी महसुल प्रस्ताव गरिएको छ।

प्राधिकरणले विभिन्न ११ समूहका ग्राहकको वर्गीकरण गरेको छ। त्यसमा घरेलु, गैर व्यापारिक, व्यापारिक, औद्योगिक, पानी वितरण, सिँचाइ, सडक बत्ती, अस्थायी, यातायात, मन्दिर, गैर घरेलु, मनोरञ्जन, सामुदायिक वितरण र निर्यातका विभिन्न शुल्क तय गरेको छ।

सवारी साधनले प्रयोग गर्ने पेट्रोलियम पदार्थमा मात्रै ठूलो मात्रामा आर्थिक स्रोत विदेशिएकाले त्यसलाई रोक्न विद्युतीय सवारी साधनको प्रयोगलाई बढवा दिन लागिएको हो। प्राधिकरण आफैंले काठमाडौं राजधानी र प्रमुख राजमार्गमा ५० चार्जिङ स्टेशन निर्माण गर्ने लक्ष्यका साथ विश्वव्यापी बोलपत्र गरिसकेको छ। निजी क्षेत्रबाट पनि हालसम्म ६० वटा चार्जिङ स्टेशन निर्माण भइसकेका छन्। महसुल स्वीकृत नहुँदा निजी क्षेत्रका त्यस्ता स्टेशन व्यावसायिकरूपमा सञ्चालनमा आउन सकेका थिएनन्। प्राधिकरणको प्रस्तावलाई आयोगले स्वीकृत गरेर लागू गरेपछि विद्युतीय सवारी साधनको प्रयोग बढ्ने विश्वास लिइएको छ।

# कोभिड-१९ को औषधि : सबै बजारका हल्ला हुन् ...

काठमाडौं, २९ फागुन (रासस)। नेपालमा कोरोना भाइरस (कोभिड-१९) को सङ्क्रमण बुधबारको मितिसम्म छैन। चीनको उहान प्रान्तबाट आएका एक नेपालीमा देखिएको कोरोना निको भइसकेको छ। मुलुकको सीमा जोडिएको देशमा कोभिड-१९ फैलिएकाले विश्व स्वास्थ्य सङ्गठनले जोखिम देशको सूचीमा नेपाललाई पनि राखेको छ। त्यसैले अहिले सरकारले सम्भावित जोखिम क्षेत्र पहिचान गरी रोकथामका उपाय अवलम्बन गर्दै निगरानी बढाइरहेको छ। विश्वमै यसको औषधि पत्ता लागेको छैन।

केही दिनअघि मात्रै केही स्थानीय तहबाटै विज्ञप्ति जारी गरेरै कोरोनाको औषधि भनेर अनावश्यक प्रचार भएको थियो। सामाजिक सञ्जाल र कतिपय अनलाइन मिडियामा खुर्सानी, लसुन, बेसार, अल्कोहलले कोरोना निको पार्छ भनेर अफवाह फैलाइरहेकाले सरकारले स्वास्थ्य मन्त्रालयबाट सार्वजनिक हुने सूचनालाई मात्रै आधिकारिक मान्न अनुरोध गर्दै आएको छ।

स्वास्थ्य सेवा विभागका महानिर्देशक महेन्द्रप्रसाद श्रेष्ठले भन्नुभयो, "रोग लागेर एकजना मर्छ भने गलत सूचनाले दुईजना मर्न सक्छ, गलत सूचनाले सामाजिक मनोविज्ञानमा पार्ने असर झन् कति ठूलो होला, यसतर्फ हामी सबै सचेत हुनुपर्छ।" सूचना नपाउँदा पनि समस्या हुन्छ भन्नेमा सरकार सतर्क रहेको उहाँले बताउनुभयो।

शुरुमा उहानबाट आएका एक नेपालीमा सङ्क्रमण देखिँदा पहिले नेपालका मिडियाबाट सार्वजनिक गरेर विश्व स्वास्थ्य सङ्गठनलाई जानकारी गराएको दृष्टान्त प्रस्तुत गर्दै श्रेष्ठले सरकार सूचना प्रवाहमा कुनै हिचकिचाहट गर्दैन भन्ने कुरा उक्त घटनाले पुष्टि गर्ने बताउनुभयो। "हामी सूचना दिन कञ्जुस्याइँ गर्दैनौं, तर सञ्चारमाध्यमले आधिकारिक सूचना मात्रै प्रयोग गर्नुपर्‍यो", उहाँले थप्नुभयो। कोरोनाको सङ्क्रमण हुनसक्ने स्थान खोजीखोजी अनुसन्धान र परीक्षणको दायरामा ल्याउने काम जारी रहेको श्रेष्ठले बताउनुभयो।

बुधबार मात्रै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा विज्ञ र पत्रकारबीच आधिकारिक सूचना प्रवाह गर्ने विषयमा गम्भीर छलफल भएको थियो। उठेका जिज्ञासा मेटाउने क्रममा विभागका वरिष्ठ स्वास्थ्य प्रशासक डा हेमन्त ओझाले खुर्सानी, बेसार र लसुन खाएर निको हुन्छ भन्ने हल्लाको पछि नलाग्न र त्यसको प्रचारप्रसार नगर्न अनुरोध गर्नुभयो। "यी सबै बजारका हल्लाहरु हुन्, त्यसको पछाडि नलागौं, स्वास्थ्य मन्त्रालय र विश्वस्वास्थ्य सङ्गठनको आधिकारिक जानकारीमा ध्यान दिऔं", डा ओझाले भन्नुभयो।

उहाँले लसुन र बेसार खाँदा स्वास्थ्यलाई राम्रो नै हुने भए पनि कोरोनासँग त्यसको कुनै सम्बन्ध नरहेको प्रस्टचाउनुभयो। डा ओझाले विश्वमा भाइरस रोकथाम गर्ने औषधि नभएको र एन्टिबायोटिकले समेत नरोक्ने भाइरसलाई अल्कोहल छर्केर, पिएर सर्दैन भन्नु गलत हो भन्नुभयो।

उहाँले मास्कले मात्रै रोग निको हुन्छ भन्ने भ्रम फैलिएको भन्दै मास्क सर्वेसर्वा नभएको समेत बताउनुभयो। "बिरामी र उपचारमा संलग्न चिकित्सकले मास्क लगाउनुपर्छ, सामान्य मानिसले मास्क लगाइरहन जरुरी छैन, हावामा नफैलिने भएकाले निश्चित दूरी व्यवस्थापन गर्न सकियो भने रोगबाट जोगिन सकिन्छ", उहाँले भन्नुभयो।

उहाँका अनुसार बिरामीले खोक्दा, हाच्छिउँ गर्दा वा उसले प्रयोग गरेको वस्तु प्रयोग गर्दा सर्ने जोखिम हुन्छ। त्यसमा सावधानी अपनाउने र मिचीमिची साबुनपानीले हात धुने, स्यानिटाइजेशन गर्दा रोगबाट बच्न सकिन्छ। माछामासु राम्ररी पकाएर खाने, पशुपक्षीको असुरक्षित सम्पर्कबाट टाढा रहने गर्दा रोगबाट बच्न सकिन्छ।

कोरोनाको मुख्य लक्षण भनेको ज्वरो, सुख्खा खोकी र श्वासप्रश्वास समस्या हुनु हो। यो रोग दुई दिनको बच्चादेखि १०० वर्षको मानिसमा समेत देखिएको छ। अन्य रोगको सङ्क्रमण भएका वृद्धवृद्धामा मृत्युदर बढी छ। अन्य रोगभन्दा सङ्क्रमणदर बढी र मृत्युदर कम भएको रोग कोभिड-१९ हो। दश वर्षभन्दा तलकामा मृत्युदर नभएको जनाइएको छ। नेपालको जस्तै वातावरण भएको देशमा समेत देखिएकाले मुलुकमा पनि आउन सक्ने सम्भावना रहेकाले पहिले त आफैं सावधानी अपनाउन जरुरी रहेको चिकित्सकले बताएका छन्।

स्वास्थ्य सेवा विभागले पहिलेभन्दा अहिले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा व्यवस्थित गरी निगरानी बढाएको र मुलुकका

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### ट्रम्पद्वारा कोरोना भाइरससँग जुध्न ५० अर्ब डलरको आर्थिक राहतको घोषणा

वासिङ्टन, २९ फागुन (रासस/सिन्ह्वा)। संयुक्तराज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले कोरोनाभाइरस रोगका कारण आर्थिक नोक्सानी व्यहोर्न बाध्य साना व्यवसायीलाई मद्दत गर्ने गरी थप ५० अर्ब डलरको राहत प्याकेज घोषणा गर्नु भएको छ।

राष्ट्रपति ट्रम्पले उक्त प्रस्तावको अनुमोदनका लागि अमेरिकी तल्लो सदन हाउस अफ रिप्रिजेन्टेटिभ्स समक्ष पेश गर्नु भएको छ।

ह्वाइट हाउसको ओभल अफिसबाट राष्ट्रका नाममा बुधबार सम्बोधन गर्दै राष्ट्रपति ट्रम्पले भन्नुभयो, "यो आर्थिक सङ्कट होइन, कोरोनाको सङ्कट क्षणिक हो र यसलाई सबै मिलेर परास्त गर्न सकिन्छ।"

उहाँले अमेरिकी मजदूर, परिवार र व्यवसायमा कोरोनाभाइरसबाट पुगेको नोक्सानीको विवरण सङ्कलन गर्न र आर्थिक सहायताको खाका तत्काल बनाउन साना व्यवसाय प्रशासनलाई आदेश दिनु भएको छ।

सम्बोधनका क्रममा राष्ट्रपति ट्रम्पले अमेरिकी अर्थ मन्त्रालयलाई पनि कोराना प्रभावित व्यक्ति एवम् व्यवसायले कर बुझाउनु पर्ने अन्तिम मिति अप्रिल १५ लाई परिवर्तन गर्न तथा व्याज वा जरिबाना नलिने व्यवस्था मिलाउन पनि निर्देश गर्नुभयो।

### चीनको सिनजियाङमा रेलसेवा शुरु, जनजीवन सामान्य

उरुम्की, २९ फागुन (रासस/सिन्ह्वा)। चीनको उत्तरपश्चिम सिनजियाङ उइगुर स्वायत्त क्षेत्रमा रेलसेवा पुनःशुरु भएको छ। चीनको हुवे प्रान्तमा कोरोनाभाइरसको सङ्क्रमण फैलिएसँग देशका कतिपय भागमा रेल तथा अन्य यातायात सेवा बन्द गरिएका थिए।

सिनजियाङको राजधानी उरुम्की र सिनजियाङकै हमी, तुर्पान र होर्गोस जोड्ने तिव्रगतिको बुलेट ट्रेनको सेवा बुधबारदेखि शुरु भएको रेल अधिकारीले बताएका छन्। चाइना रेलवेका अनुसार अरु कम गतिका रेलको सेवा पनि चाँडै शुरु हुनेछ।

सिनजियाङ रेलवे अधिकारीले यात्रुले अनलाइन वा रेलवे स्टेशनमै आएर टिकट किन्न सक्ने बताएका छन्। सिनजियाङका उद्योग धन्दा सबै पूर्णक्षमतामा सञ्चालन हुनथालेका छन् भने मानिसको दैनिक जीवन सहज भएको छ। सिनजियाङमा लगातार २३ दिनसम्म कोरोनाभाइरसका एक जना पनि रोगी फेला परेका छैनन्।

स्थानीय सरकारले कोरोनाभाइरसको सङ्क्रमण सिनजियाङमा देखानपरेको भन्दै आपतकालीन स्थितिलाई हटाएको छ।

### भारतले पनि सबै पर्यटक भिसा बन्द गर्‍यो

नयाँ दिल्ली, २९ फागुन (रासस/एएफपी)। विश्वव्यापीरुपमा बढ्दो प्राणघातक कोरोना भाइरसको प्रकोपका कारण भारतले पनि पर्यटक भिसा बन्द गरेको छ।

भारतले सबै खालका पर्यटक भिसा आगामी अप्रिल १५ सम्मका लागि बन्द गरेको अधिकारीले जानकारी दिएका छन्।

साथै भारतले कोरोना भाइरसको प्रकोप रहेका विश्वका विभिन्न सात ओटा देशबाट आएका नागरिकलाई अनिवार्यरुपमा क्वारेन्टाइनमा राख्ने बताएको छ।

भारत सरकारले बिहीबार प्रकाशन गरेको एक विज्ञप्तिमा सो जानकारी गराइएको समाचारमा जनाइएको छ।

बिहीबारै मध्यरातिदेखि भारतले यस्ता भिसा बन्द गर्ने जनाएको सो विज्ञप्तिमा उल्लेख गरिएको छ तर यसअन्तर्गत कूटनीतिक प्रयोजनका लागि आवश्यक, अन्तरराष्ट्रिय संस्थाका भिसा, रोजगारीसम्बन्धी र आयोजनाका भिसा भने यथावत नै रहने बताइएको छ।

भारत सरकारले बिहीबार प्रकाशन गरेको विज्ञप्तिमा चीन, इटाली, इरान, गणतन्त्र कोरिया, फ्रान्स, स्पेन र जर्मनीबाट आउने पर्यटकलाई अनिवार्यरुपमा क्वारेन्टाइनमा राखिने पनि जनाएको छ।

ती देशबाट भारत प्रवेश गर्ने नागरिकलाई कम्तीमा पनि १४ दिन क्वारेन्टाइनमा राखिने व्यवस्था मिलाइएको भारत सरकारको प्रेस इन्फरमेसन ब्युरोले प्रकाशन गरेको विज्ञप्तिमा जनाइएको छ।

भारतमा कोरोना भाइरसका केही सङ्क्रमित फेला परेका छन् तर यसबाट कसैको मृत्यु भने भएको छैन।

विश्वका ११० भन्दाबढी देशमा यसको सङ्क्रमण देखिएको छ। अहिलेसम्म यसबाट मृत्यु हुने नागरिकको सङ्ख्या चार हजार ५०० पुगेको बताइएको छ।

यसमध्ये ५० हजारभन्दा बढी उपचारपछि घर फर्किएका छन्। यस भाइरसको उद्गमस्थल मानिएको चीनको हुबेई प्रान्तको उहानमा भने अब नियन्त्रणतर्फ आएको समाचारमा जनाइएको छ।

चीनबाट निस्किएको यो प्रकोपबाट अहिले भने युरोप र एसियाका केही देश बढी प्रभावित भएका छन्। इटाली यसबाट चीनपछि सबैभन्दा बढी प्रभावित भएको छ भने इरान, दक्षिण कोरिया आदि देशमा पनि यो पुगेको छ।

# एनसेलले ल्यायो 'कल आयो पैसा पायो' अफर

**दैनिक समाचारदाता**
**काठमाडौं, २९ फागुन ।**

एनसेल प्राईभेट लिमिटेडले आफ्नो कस्टमर लोयल्टी कार्यक्रम अन्तर्गत ग्राहकहरुले औधि मन पराएको 'कल आयो पैसा पायो' अफर यो वर्ष पनि अझ बढी बोनसका साथ ल्याएको छ ।

यस योजना अन्तर्गत ग्राहकले अब विश्वका जुनसुकै देशबाट आएको अन्तर्राष्ट्रिय आगमन कलमा दुई मिनेट वा सो भन्दा बढि कुरा गर्दा प्रत्येक मिनेटको रु २ बोनस स्वरुप प्राप्त गर्ने एनसेलले जनाएको छ ।

अफर बुधबार (फागुन २८) बाट लागु भएको छ र यसको ३ महिनासम्म अवधी रहने छ । एनसेलका ग्राहकले विदेशबाट आफ्ना आफन्त, साथीभाई र परिवारजनले गरेको कलमा कुरा गर्दा पहिलो दुई मिनेटपछि हरेक मिनेट ११ मिनेटसम्म रु २ को दरले बोनस पाउँछन् । यसको अर्थ अन्तर्राष्ट्रिय आगमन कलमा कुरा गर्दा ग्राहकले रु २० सम्म बोनस प्राप्त गर्ने जनाइएको छ ।

यसरी प्राप्त बोनस ३ दिनको लागि मान्य हुनेछ । ग्राहकले उक्त बोनस एनसेलको नेटवर्क भित्र कुरा गर्न, एसएमएस पठाउन र इन्टरनेट चलाउन समेत प्रयोग गर्न सक्छन् । एनसेलका सबै प्रिपेड तथा पोष्टपेड ग्राहकले १७१२६ मा डायल गरि यो योजना निःशुल्क सुचारु गरी लाभ लिन सक्छन् । त्यसैगरी, ग्राहकले अंग्रेजीमा 'ए' टाइप गरी १७१२६ मा एसएमएस पठाएर पनि यो बोनस योजनामा सामेल हुन सक्छन् ।

बोनसका साथै, अन्तर्राष्ट्रिय आगमन कलमा कुरा गरी यस योजनाको मापदण्ड पुरा गरेका ग्राहकले प्रत्येक हप्ता सामसुङ्ग ग्यालेक्सी एट्वान्टी स्मार्टफोन पनि जित्न सक्नेछन् । यो योजना अवधिभर प्रत्येक हप्ता १० जना ग्राहकले १/१ थान स्मार्टफोन पाउनेछन् । एक हप्ताको समयावधिमा ग्राहकले पाएको बोनस, कुल अन्तर्राष्ट्रिय आगमन कल र औसत कलको समय अनुसार विजेताको छनोट गरिनेछ ।

आफ्ना परिवारका सदस्य, आफन्त वा साथीभाई विदेशमा रहेका र उनीहरुसँग सम्पर्कमा रहिरहनु पर्ने ग्राहकका लागि थप लाभ सुनिश्चित गर्दै यो आकर्षक योजना ल्याउन पाएकोमा कम्पनी हर्षित रहेको एनसेलले जनाएको छ । यो योजना अन्तर्गत प्राप्त हुने बोनसले ग्राहकलाई विदेशमा रहेका साथीभाई तथा परिवारका सदस्यसँग सम्पर्कमा रहँदै, एनसेलको नेटवर्कमा रहेका अन्य आफन्तजन तथा साथीभाईसँग थप सम्पर्कमा रहन मद्दत गर्ने विश्वास एनसेलले लिएको छ ।

# 'स्थानीय तहमा ठूला जमघट नगर'

काठमाडौं, २९ फागुन (रासस) । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मुलुकका सबै ७५३ स्थानीय तहलाई ठूला जमघट हुने खालका सामाजिक कार्य भोज, उत्सव एवं पर्वमा सहभागी नहुन सर्वसाधारणलाई आह्वान गर्न अनुरोध गरेको छ ।

मन्त्रालयले सबै स्थानीय तहलाई कोभिड-१९ को सङ्क्रमण रोकथामका लागि ११ बुँदे ध्यानाकर्षण पत्र पठाउँदै ठूला जमघटका कार्यक्रममा सर्वसाधारणलाई सहभागी नहुन अनुरोध गर्न आग्रह गरेको मन्त्रालयका सहसचिव वसन्त अधिकारीले जानकारी दिनुभयो ।

मन्त्रालयले मानिसको ठूलो जमघट हुने सिनेमा हल, बसपार्क, पार्टीप्यालेस तथा सामूहिक बसोबास हुने अपार्टमेन्ट जस्ता स्थानमा स्वास्थ्यकर्मी टोली खटाई समयसमयमा परीक्षण गर्ने व्यवस्था मिलाउनेसमेत स्थानीय तहलाई आग्रह गरेको छ ।

मन्त्रालयले कोभिड-१९ को सङ्क्रमण नियन्त्रणमा नआएसम्म नेपाल प्रवेश गर्ने मुख्य सीमानाकामा उच्च सतर्कता अपनाई नेपाल प्रवेश गर्ने सबै यात्रुको स्वास्थ्य जाँच/स्क्रिनिङको कार्यलाई प्रभावकारी गर्न निर्देशन दिएको छ ।

स्थानीय तहमा रहेका सबै अस्पताल, स्वास्थ्य केन्द्रमा उपलब्ध क्षमतालाई ध्यानमा राखी आकस्मिक अवस्थामा प्रयोग गर्न सकिने गरी आवश्यकमात्रामा छुट्टै शय्याको व्यवस्था मिलाउन, बिरामीको प्रारम्भिक जाँच, परीक्षण गर्ने र सघन जाँच परीक्षण गर्नुपर्ने देखिएमा प्रादेशिक तथा केन्द्रीय अस्पतालमा रिफर गरी व्यवस्था मिलाउनसमेत अनुरोध गरेको छ ।

मन्त्रालयले सबै स्थानीय तहलाई कोभिड-१९ को सङ्क्रमण, यसको रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य सचेतनासम्बन्धी जनहितका सूचना जारी गरी प्रचारप्रसार गर्ने/गराउने, स्यानिटाइजर, मास्क, औषधि एवं अत्यावश्यक सामग्रीलगायत दैनिक उपभोग्य अन्य वस्तुको बजारमा नियमित एवं सहज आपूर्तिको व्यवस्था तथा बजार स्वच्छता कायम राख्न स्थानीय तहबाट सम्बन्धित निकायसँग समन्वय गरी बजार अनुगमन तथा नियमनको कार्यलाई प्रभावकारी बनाउनसमेत आग्रह गरेको छ ।


यस्तै छिमेकी मित्रराष्ट्र भारतसँग जोडिएका मुख्य नाका पशुपतिनगर, काँकरभिट्टा, जोगबनी, जयनगर, रक्सौल, सुनौली, जमुनाह, गड्डाचौकीलगायत ठाउँमा अन्तर्राष्ट्रिय मापदण्डअनुरूप स्वास्थ्य कक्ष स्थापना गरी स्थलमार्ग हुँदै नेपाल प्रवेश गर्ने सबै यात्रुको स्वास्थ्य परीक्षण गर्न, सीमावर्ती क्षेत्रमा अत्यावश्यक काममा बाहेक आवतजावत नगर्न नेपाली नागरिकलाई सूचित गर्न मन्त्रालयले स्थानीय तहलाई अनुरोध गरेको छ ।

# भन्सार छलेको कपडा बरामद

**दैनिक समाचारदाता**
**राजविराज, २९ फागुन ।**

प्रहरीले बिहीबार भन्सार छलेर भारतबाट ल्याउँदै गरेको ४३ हजार मुल्य बराबरको रेडिमेड कपडा बरामद गरेको छ ।

सवारीसाधन चेकजाँचको क्रममा पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको महुली खण्डमा एक यात्रुबाहक बसबाट सो परिमाणको कपडा बरामद गरि भन्सार कार्यालयलाई बुझाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।



भूमि सुधार तथा व्यवस्था मन्त्रालय
भूमि सुधार तथा व्यवस्थापन विभाग
**मालपोत कार्यालय**
सप्तरी, राजविराज
(..................शाखा)

पत्र संख्या : -
चलानी नम्वर :-
प्राप्त पत्र संख्या मिति

मिति :- ०७६/११/२३

विषय :- ३५ दिने हकदावी सम्वन्धी
सार्वजनिक सूचना ।

.................. दर्ता रहेको साविक .................. मौजा रै.नं .................. गरी तपसिल वमोजिम नापी भएको जग्गा ...नाम सारी... प्रमाण -पुर्जा पाउं भन्ने गा.वि.स. /न.पा. ...... वर्डा नं. ५ ...... वस्ने श्री ...... को द.नं. १५६४२ मिति ०७६/११/०८ मा निवेदन परि ३५ (पैतिस) सार्वजनिक सूचना प्रकाशित गर्ने मिति २०७६/११/२१ मा आदेश भए अनुरुप यो ३५ (पैतिस) दिने सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक वाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा जग्गा दर्ता नामसारी थर वतन संसोधन गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा सप्रमाण यस कार्यलयमा आई उजुरी गर्नु होला । म्याद भित्र कसैको दवी उजुरी पर्न नआएमा निवेदकको माग दावी वमोजिम .................. गर्ने तर्फ कानून वमोजिम कार्यवाही भै जाने छ । यस सम्वन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्योहोरा सम्वधिन्त सवैलाई जानकारी गराइन्छ ।

तपसिल

| गा.वि.स /न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| [illegible] | ३८१ | १५१ | ०-५-१०½ | | |
| [illegible] | २५ | ४४८ | ०-६-११ | | |
| | १५ | ८४० | ०-०-८ | | |
| | २५ | २२० | ०-०-३¾ | | |
| | ३५ | २२६ | ०-०-१६¾ | | |
| | ३५ | २३४ | ०-१-८ | | |
| | २५ | २३५ | ०-१-१३¾ | | |
| | ३१ | ४२६ | ०-०-३½ | | |
| | ३१ | ४३० | ०-१-१३ | | |
| | ३८१ | ४२२ | ०-३-२ | | |
| | ३१ | ४२४ | ०-०-१६ | | |
| | ३१ | ५३२ | ०-१-१०½ | | |
| | ३१ | २३३ | ०-४-११ | | |
| | ३५ | २३४ | ०-३-१० | | |
| | २५ | २५४ | ०-१-१३ | | |
| | १५ | ११३ | ०-०-५ | | |
| | १३१ | ५४ | ०-३-० | | |
| | २५ | ५०२ | ०-२-४½ | | |
| | २५ | ६३ | ०-२-१२ | | |
| | २३१ | १२४ | ०-३-३ | | |

## कोभिड-१९ ...

आन्तरिक विमानस्थलमा सहायता कक्ष 'हेल्थ डेस्क' स्थापना गरेर परीक्षण थालिसकिएको जनाएको छ । भारतमा समेत कोरोनाको सङ्क्रमण देखिएकाले स्थलमार्गबाट रोगको सङ्क्रमण भित्रिन सक्ने भन्दै सरकारले विभिन्न ४१ वटा नाकामा हेल्थ डेस्क स्थापना गरिरकेको छ ।

सरकारले अब एकदुई दिनभित्रैमा कल सेन्टर स्थापना गर्न लागेको छ । देशभरिबाट आउने समस्यालाई तत्कालै 'एक्सन' गर्न सक्ने गरी काम गर्न लागिएको छ । सरकारले अन्य देशमा फैलिएको सङ्क्रमण र त्यसको उपचार तथा रोकथाममा गरेको प्रयासका आधारमा नेपालमा आवश्यक तयारी गरिएको जनाएको छ । आवश्यक मात्रामा आइसोलेशन वार्ड स्थापना गरिएको छ । सातैवटा प्रदेश सरकार पनि उच्च सतर्कतामा रहेका छन् । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव दीपक सुवेदीले अहिलेसम्म नेपाल सुरक्षित रहेकाले त्यसरी नै सही सूचना जनमानसमा जानुपर्नेमा जोड दिनुभयो ।

सन् २०१९ को डिसेम्बर ३१ मा चीनको उहान प्रान्तमा देखिएको कोभिड-१९ हालसम्म त्यहाँको ३४ प्रान्तमा फैलिसकेको छ । त्यसमध्ये ९४ प्रतिशत सङ्क्रमण उहानमा छ । अहिले चीनको सङ्क्रमणदर न्यून भएको छ । कोरोना सन् २००२ बाट देखापरेको थियो । अहिलेको कोरोना सातौं प्रजातिको हो । सन् २००२ मा सार्स कोरोना पत्ता लागेको थियो । त्यो बेला बिरालोबाट मानिसमा सरेको थियो । सन् २०१२ मा मार्स कोरोना ऊँटबाट मानिसमा सरेको पत्ता लागेको थियो । सन् २०१८ मा निप्स कोरोना आयो । यो पटकको कोभिड-१९ चाहिँ जनावरबाट सरेको बताइए पनि कुन जनावरबाट हो भनेर पुष्टि भएको छैन ।


चीनमा हालै १७ हजार १८५ बिरामीमा गरिएको एक अध्ययनमा ८२ प्रतिशत सामान्य लक्षण, १५ प्रतिशतमा कडा र तीन प्रतिशतमा मात्रै जटिल खालको कोरोना सङ्क्रमण भएको पत्ता लागेको थियो । सङ्क्रमणदर धेरै भए पनि जटिल सङ्क्रमण भने न्यून हुने उक्त अध्ययनले पुष्टि गरेको छ । कोरोना भाइरस वातावरणमा लामो समय नबाँच्ने र पानीबाट पनि नआउने चिकित्सकले बताएका छन् ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार हालसम्म विश्वका ११३ देशमा एक लाख १८ हजारमा रोगको सङ्क्रमण भएको छ । चार हजार २९० को मृत्यु भएको छ । बिरामीमध्ये ६६ हजारभन्दा बढी उपचारपछि घर फर्किसकेका छन् ।

## १४ वर्षपछि ...

रजघन्य अपराधको अनुसन्धानलाई तिब्रता दिएपछि सफलता मिल्दै गएको प्रहरी उपरिक्षक कृष्ण प्रसाईको भनाई छ ।

यता अदालतबाट सजाय तोकिएका तथा अनुसन्धानका कममा फरार भएका मध्ये विगत तीन महिनाको अवधीमा प्रहरीले ७९ जनालाई पक्राउ गरि अदालत समक्ष बुझाइसकेको छ ।


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np